अन्तिम लेखापरीक्षण प्रतिवेदन

शङ्खरापुर नगरपालिका
काठमाडौं

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

शङ्खरापुर नगरपालिका
काठमाडौं

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

शङ्खरापुर नगरपालिका

काठमाडौं

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमती प्रदेश

मितिः२०८१।२।१४

प.सं. २०८०।८१

च.नं. २०२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

शङखरापुर नगरपालिका, शङखरापुर नगर कार्यपालिकाको कार्यालय,

साँखु काठमाण्डौ ।

१. **कैफियत सहितको राय** — हामीले **शङखरापुर नगर** पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ६२ लाख ७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु १ करोड ४७ लाख ८२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू १ करोड ७२ लाख ८३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४० लाख २१ हजार, नियमित गर्नुपर्ने रु. ३ लाख ६० हजार समेत गरी रु २ करोड १६ लाख ६३ हजार रहेको छ ।शंखरापुर नगरपालिकाको गतवर्ष सम्म रु.१३ करोड ९८ लाख ४४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू

रु.१६ करोड १७ लाख ७ हजार रहेको छ । शंखरापुर नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने शंखरापुर नगरपालिका सँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी **शङखरापुर नगर**पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(शंकरप्रसाद पन्थी)

नायब महालेखापरीक्षक

शङखरापुर नगर.पालिका,

काठमाण्डौ जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			प्रतिक्रिया बाट थप			बाँकी बेरुजु			बेरुजु						
												असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभए को	जिम्मेवारी नसारेको	सोधभर्ना नलिए को	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
६२	२७	३६२०८	१	१४	१४७८३	१	४	२३८	६१	१३	२१६६३	१७२८३	३६०	४०२१	०	०	४३८१	०

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
काठमाण्डौ	१३९८४४	०	०	१३९८४४	०	२१६६३	१६१५०७

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	**आर्थिक वर्ष**	**बेरुजुको दफा**	**छोटकरी व्यहोरा**	**सम्परीक्षण भएको रकम**
१	**२०७९।८० (चालु वर्षको)**	१६	कर चुक्ता प्रमाण विना धरौटी फिर्ता	१२७८९००
२	२०७९।८०	३७	प्रशिक्षक भत्ता	८८४४५
३	२०७९।८०	४८	परामर्श सेवा	०
४	२०७९।८०	५१	अनुगमन भत्ता	५१००
५	**२०७९।८०**	५३	कार्यक्रम अनुगमन	१३३८७५
६	**२०७९।८०**	५५	बढी दरमा बैठक भता	११४७५
७	**२०७९।८०**	६०	लगत कट्टा भईसकेकालाई भत्ता वितरण	२५७५६३
८	**२०७९।८०**	७३	दोहोरो बैठक भत्ता	३०६००
९	**२०७९।८०**	७५	बढी दरमा बैठक भत्ता	८०७५०
१०	**२०७९।८०**	७६	बढी भुक्तानी	१४८७५
११	**२०७९।८०**	८२	ठेक्का विमा	१२८८१०८४
यस आव को जम्मा				१४७८२६६७
कुल जम्मा				१४७८२६६७

परिचय

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय लोकतन्त्र स्थापना गरी लाभ जनतासम्म पुर्याउने समानुपातिक समावेशी र न्यायोचित वितरणद्धारा कानुनी राज्य र दिगो विकासको अवधारणf अनुरुप सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्धन गरी उत्तरदायित्व र जिम्मेवारीको पारदर्शिता निश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न २०७१ सालमा साविकका इन्द्रायणी,पुखुलाछी,बज्रयोगिनी,लप्सेफेदी,सुनटोल र नाङलेभारे गा वि स मिलाएर शंखरापुर नगरपालिकाको स्थापना भएको हो । बागमती प्रदेश, काठमाण्डौ जिल्ला स्थित २७२०२ जनसंख्या भएको यस गाउँपालिकामा ६०.२१वर्ग कि.मि. क्षेत्रफल र ९ वडा मा विभाजन गरिएको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।२७ देखि २०८०।९।३ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- **गाउँपालिकाको आय व्यय तथा सम्पत्ति तथा दायित्वको विस्तृत विवरण अनुसुची १ मा संलग्न छ ।**

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६९५६० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	बढी पारिश्रमिक भुक्तानी भएको रकम दाखिला	६९५६०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ घटना दर्ता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय सरकारको काम, कर्तव्य र अधिकार सम्बन्धमा उल्लेख गरिएको छ । उपदफा (१) को च. बमोजिम स्थानीय तथ्यांङ्क र अभिलेख संकलनको अधिकार तथा कर्तव्य स्थानीय सरकारको हुन्छ । त्यस्तै, उपदफा (४) को छ. मा व्यक्तिगत घटना, जन्म, मृत्यु विवाह र तथ्यांकको अभिलेखांकन र व्यवस्थापनको कर्तव्य र अधिकार पालिकाको हुने उल्लेख छ । पालिकाले यस वर्ष उल्लेखित विषयमा १७४० जनालाई सेवा प्रवाह गरेको छ ।

विवरण	जम्मा
जन्मदर्ता	७५७
मृत्युदर्ता	३४३
बसाईसराई दर्ता	१००
विवाह दर्ता	५१८
सम्बन्धविच्छेद दर्ता	२२

उल्लेखित तथ्याङ्कले पालिका क्षेत्रमा भएको सम्पूर्ण घटना समेट्ने नभई अन्य प्रशासनिक कार्यका लागि अत्यावश्यक भएपश्चात मात्र दर्ता हुन आएका घटनालाई मात्र समेट्ने तथा उक्त घटनाहरु यसै आर्थिक वर्षसँग मात्र नभई विगत वर्षसँग समेत सम्बन्धित रहेकाले समग्र अवस्थाको यथार्थ चित्रण गर्न पर्याप्त हुने देखिँदैन । घटना दर्ताको सम्बन्धमा सचेतना जगाउने कार्य गरी सबै घटना समयमा नै पालिकामा दर्ता हुने अवस्थाका लागि पहल गर्नुपर्दछ ।

३ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट

छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७९ असार १० गते रु. १ अर्ब ५० करोड २२ लाख २३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९/०३/१० मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०/०४/०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

---

४ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाको लेखापरिक्षणका क्रमममा सुत्रवाट हेर्दा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छ:

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		१६१९८९०६८३.१६	७८३९४१८२८.११		७८३९४१८२८.११	९३८०८९२८२.९७		९३८०८९२८२.९७
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		१५२७२५३०००.००	७२५६९६१४९.४०	०.००	७२५६९६१४९.४०	९०२२२८७४१.५३	०.००	९०२२२८७४१.५३
११००० कर	११	५९४९७४५६७.६७	२३८६९०२५०.८३	०.००	२३८६९०२५०.८३	४३२८५२२४४.०७	०.००	४३२८५२२४४.०७
१३००० अनुदान		५३५११७०००.००	४०९१६१५९४.१३	०.००	४०९१६१५९४.१३	३९०४२८०२४.९६	०.००	३९०४२८०२४.९६
संघीय सरकार	१२	३९७४३००००.००	३५१३५८७८८.१३	०.००	३५१३५८७८८.१३	३२५९७३४४१.९६	०.००	३२५९७३४४१.९६
प्रदेश सरकार	१२	६७६८७०००.००	५७८०२८०६.००	०.००	५७८०२८०६.००	४१२५४५८३.००	०.००	४१२५४५८३.००
अन्तरिक श्रोत		७००००००.००	०.००	०.००	०.००	२३२०००००.००	०.००	२३२०००००.००
१४००० अन्य राजस्व		१३३३५००००.००	७७८४४३०४.४४	०.००	७७८४४३०४.४४	७८५००५९१.२५	०.००	७८५००५९१.२५
१५००० विविध प्राप्ति		०.००	०.००	०.००	०.००	४४७८८१.२५	०.००	४४७८८१.२५
३२००० वित्तीय सम्पत्ति		२६३८११४३२.३३	०.००	०.००	०.००	०.००	०.००	०.००
ख. अन्य प्राप्ति		९२६३७६८३.१६	५८२४५६७८.७१		५८२४५६७८.७१	३५८६०५४१.४४		३५८६०५४१.४४
वितरण गर्न बाकी राजस्व		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
कोषहरु		९२६३७६८३.१६	३८८९१४८९.५०	०.००	३८८९१४८९.५०	२७३५७८७४.९१	०.००	२७३५७८७४.९१
धरौटी		०.००	१९३५४१८९.२१	०.००	१९३५४१८९.२१	८५०२६६६.५३	०.००	८५०२६६६.५३
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
भुक्तानी (ग+घ)		१६१९७७२६८३.१६	८३४९०८३८०.३८		८३४९०८३८०.३८	८४९५०३६०८.३२		८४९५०३६०८.३२
ग. भुक्तानी (सञ्चित कोषबाट)		१५२७१३५०००.००	८१३८७५८२३.३८		८१३८७५८२३.३८	८२३४७२७९७.५५		८२३४७२७९७.५५
२१००० पारिश्रमिक / सुविधा	१८	२१९७५५०००.००	१९८२८७८३८.९६	०.००	१९८२८७८३८.९६	१८१०४३३४४.३८	०.००	१८१०४३३४४.३८
२२००० मालसामान तथा सेवाको उपयोग	१८	३०१९०५०००.००	१४००५३५७७.२२	०.००	१४००५३५७७.२२	१४६३६९३६८.७८	०.००	१४६३६९३६८.७८
२५००० सहायता (Subsidy)	१८	४८२९५००.००	१५२९५००.००	०.००	१५२९५००.००	४८७४०००.००	०.००	४८७४०००.००
२६००० अनुदान	१८	३२१९२०००.००	२२१३९८८८.००	०.००	२२१३९८८८.००	३००७७५०४.००	०.००	३००७७५०४.००

२७००० सामाजिक सुरक्षा	१८	२५४३७५००.००	९३५८३३३.००	०.००	९३५८३३३.००	१६५२०७७७.००	०.००	१६५२०७७७.००
२८००० अन्य खर्च	१८	२१५०००००.००	१४४५८४८५.७०	०.००	१४४५८४८५.७०	४१७४८५७३.१८	०.००	४१७४८५७३.१८
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	९१९०१६०००.००	४२८०४८२००.५०	०.००	४२८०४८२००.५०	४०२८३९२३०.२१	०.००	४०२८३९२३०.२१
३२००० वित्तीय सम्पत्ति	१८	२५००००००.००	०.००	०.००	०.००	०.००	०.००	०.००
घ. अन्य भूक्तानी		९२६३७६८३.१६	२१०३२५५७.००		२१०३२५५७.००	८४९५०३६०८.३२		८४९५०३६०८.३२
कोषहरु		९२६३७६८३.१६	१४७८७९३८.००	०.००	१४७८७९३८.००	१७८७३०२०.००	०.००	१७८७३०२०.००
धरौटी		०.००	८१५७८७८.००	०.००	८१५७८७८.००	८१५७७९०.७७	०.००	८१५७७९०.७७
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(१९१३२५९.००)		(१९१३२५९.००)			
ङ. यो वर्षको बचत (न्युन)		११८०००.००	(५०९६६५५२.२७)		(५०९६६५५२.२७)	८८५८५६७४.६५		८८५८५६७४.६५
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			३४४६७०४०३.५८		३४४६७०४०३.५८	२२९७०२३२८.३९		२२९७०२३२८.३९
वर्षान्तको बाकी रकम (ङ + च)		११८०००.००	२९३७०३८५१.३१		२९३७०३८५१.३१	३१८२८८००३.०४		३१८२८८००३.०४
बैंक तथा नगद बाकी	२४		२६७७३२३९३.३१		२६७७३२३९३.३१	३०७४६२४५७.०४		३०७४६२४५७.०४

उल्लेखित वित्तीय विवरणमा देहाय बमोजिमको अन्तरसरकारी कारोवार समावेश नभएकोले उक्त वित्तीय विवरणले यथार्थ चित्रण गर्दैन।

सि नं	विवरण	बजेट रकम रु	खर्च रकम रु
१	गरिव संग विश्वेश्वर कार्यक्रम	४६५०००	०
२	सामाजिक सुरक्षा तथा संरक्षण	११९३०००००	११९१८१५७२
३	पर्यटन पुर्वाधार विकास आयोजना	१००००००	१००००००
	जम्मा	**१२०७६५०००**	**१२०१८१५७२**

५ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ९१ लाख ८१ हजार, गरिबसंग विश्वेश्वर कार्यक्रमको रु ४ लाख ६५ हजार र पर्यटन पुर्वाधार विकास आयोजनाको रु.१० लाख समेत गरी रु १२ करोड ०७ लाख ६५ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

६ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.८१ लाख ५७ हजार , यस वर्षको प्राप्तिमा १२ करोड १ लाख ८१ हजार ,यस वर्षको भुक्तानी रु. १२ करोड १ लाख ८१ हजार र बैङ्क मौज्दातमा रु.८१ लाख ५७ हजार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	३४४६७०४०३	७८३९४१८२८	८३४९०८३८०	२९३७०३८५०
एकीकृत आर्थिक विवरणअनुसार	३३६५१३२४४	९०४१२३३९८	९५५०८९९५०	२८५५४६६९१
फरक	८१५७१५९	१२०१८१५७०	१२०१८१५७०	८१५७१५९

७ बजेट विनियोजन

आर्थिक वर्ष २०७९।८० मा पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

कुल बजेट	चालु बजेट रु.	प्रतिशत	पूँजीगत बजेट रु.	प्रति
१५२७२५३०००	६०५६१९०००	४०.९६	९१९०१६०००	५९.०४

उक्त विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा कुल रु. १५२७२५३०००।०० बजेट विनियोजन भएकोमा चालु तर्फ रु. ६०५६१९०००।०० अर्थात् ४०.९६ प्रतिशत र पूँजीगत तर्फ रु. ९१९०१६०००।०० अर्थात् ५९.०४ प्रतिशत बजेट विनियोजन भएको छ ।

८ बजेट तथा पुँजीगत खर्च

नगरपालिका/गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ।

क्र.स.	**आर्थिक वर्ष**	**बजेट**	**पूँजीगत खर्च**	**बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत**
१	२०७९/८०	९१९०१६०००	४२८०४८२००.५०	४६.५८

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु. ९१९०१६०००।०० विनियोजन गरेकोमा रु. ४२८०४८२००।५० खर्च गरेको छ जुन ४६.५८ प्रतिशत मात्र हुन आउँछ ।

९ बजेट तथा चालु खर्च

पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ ।

क्र.स.	आर्थिक वर्ष	बजेट	चालु खर्च	बजेटको तुलनामा चालु खर्चको प्रतिशत
१	२०७९/८०	६०५६१९०००	३८५८२७६२३	६३.७१

पालिकाले यस वर्ष चालु तर्फ रु ६०५६१९०००।०० विनियोजन गरेकोमा रु ३८५८२७६२३।०० खर्च गरेको छ जुन ६३.७१ प्रतिशत हुन आउँछ ।

१० फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.३३ करोड ६५ लाख १३ हजार मौज्दात रहेकोमा यो वर्ष रु.३४ करोड ४६ लाख ७० हजार जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.८१ लाख ५७ हजार वढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ ।

११ बैंक हिसाब मिलान

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण बैंङ्कमा निम्नानुसार बढी मौज्दात देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।पालिकाको सुत्र सफ्टवयेरको अनुसुची २४ वमोजिम वर्षको अन्तमा निम्नानुसार वैंक तथा नगद वांकी देखाएको छ ।

बैंकको नाम	खाता नं	खाताको प्रकार	श्रेस्ता अनुसारबाकी रु	बैंक अनुसार बाकीरु
ग्लोवल आई एम इ बैंक लि.	३२६०४०१००००००८	ग१.१, आन्तरिक राजस्व खाता	०	०
ग्लोवल आई एम इ बैंक लि.	३२६०४०१००००००९	ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०
ग्लोवल आई एम इ बैंक लि.	३२६०४०१०००००१०	ग१.३, आन्तरिक अनुदान खाता	०	०
ग्लोवल आई एम इ बैंक लि.	३२६०४०१०००००१२	ग२.२, चालू खर्च खाता- जोर वर्ष	०	०
ग्लोवल आई एम इ बैंक लि.	३२६०४०१०००००१३	ग२.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०	०

ग्लोवल आई एम इ बैंक लि.	३२६०४०१००००० १६	ग२.७, विविध खर्च खाता	१,६७,१७,७८६.७८	१,६७,१७,७८६.७८
ग्लोवल आई एम इ बैंक लि.	३२६०४०१०००००० ४	ग३.१, स्थानीय तह धरौटी खाता	२,४७,६६,०५५.४४	२,४७,६६,०५५.४४
ग्लोवल आई एम इ बैंक लि.	३२६०४०१००००००१	ग४.१, स्थानीय तह सञ्चित कोष खाता	१७,६१,१५,०१७.३५	१७,६१,१५,०१७.३५
ग्लोवल आई एम इ बैंक लि.	१३२००००० १९६५२४	ग५.१, स्थानीय तह विविध कोष खाता	३,१२,१८,३०७.६०	३,८६,०१,९१५.६२
ग्लोवल आई एम इ बैंक लि.	३२६०४०१००००००५	ग५.१, स्थानीय तह विविध कोष खाता	७३,८३,६०८.०२	
ग्लोवल आई एम इ बैंक लि.	३२६०४०१००००००७	ग६.१, स्थानीय तह विभाज्य कोष खाता	०	०
ग्लोवल आई एम इ बैंक लि.	३२६०४०१०००००१७	ग७.१, स्थानीय तह आकस्मिक कोष खाता	१४,३२,८४७.००	१४,३२,८४७.००
ग्लोवल आई एम इ बैंक लि.	३२६०४०१००००००६	ग७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१,००,९८,७७१.१२	१,००,९८,७७१.१२
बैंक कारोबारमा भिन्नता [राजस्वखाता र सञ्चित कोष खाता]			(२,५५,८१,९२४.८४)	
जम्मा			२४,२१,५०,४६८.४७	२६,७७,३२,३९३.३१

१२ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानूनमा समेत उक्त व्यवस्था उल्लेख छ । नगरपालिकाको आन्तरिक नियन्त्रण पद्दतिका सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ —

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहबाट गरिने कार्यका सम्वन्धमा सम्पमदनगरिने कार्य नियमित, मितव्ययी प्रभावकारी र दक्षतापुर्ण रुपमा सम्पादन गर्नुपर्ने प्रणालीको नगर प्रमुख, जिल्ला समन्वय समिति प्रमुख वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था रहेकोमा पालिकाले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्थापन गर्न सकेको देखिएन ।
- स्थानीयसरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने व्ववस्था रहेकोमा पालिकाले विगतमा तथ्याङ्क तयार गरेको भएपनि अवधि यकिन गरी अध्यावधिक गरेको पाइएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको सुत्र सफ्टवयरले जेनेरेट गरे अनुसारकोवार्षिक प्रतिवेदन प्रदेश लेखा इकाई कार्यालयमा पठाउने गरेपनि सो सम्वन्धमा भएका थप प्रगतिका सम्वन्धमा लेखाङ्कन गरेको पाइएन ।
- पालिकाले भुक्तानी अभिलेखका आधारमा सुत्र सफ्टवेयरमा कार्यक्रमगत तथा योजनागत खाता राखेको जनाएपनि बहुबर्षिय योजना स्वीकृत गरी अभिलेखिकरण गरेको देखिएन ।
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसको उपयुक्त व्यवस्थापन गरेको देखिएन ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन।

- योजना व्यवस्थापनमा सकारात्मक प्रभाव कायम गर्ने गरी वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको देखिएन ।
- नगदी रसिद नियन्त्रण र निक्यौंल गर्न प्रणाली व्यवस्थापन गरेपनि थप सुधार गरेको देखिएन ।
- अधुरा आयोजनाको समिक्षागरी उपलब्धि मापन गरेको देखिएन । यसबाट अधुरा आयोजनाको कार्यान्वयनमा दिशानिर्देश हुन सकेको देखिएन ।
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागू गरी जिन्सी व्यवस्थापन नगरेको ।

ऐनको दफा ३२ अनुसार वित्तिय जोखिम कम गर्न र वित्तिय विवरणलाई विश्वसनिय बनाउन आन्तरिक नियन्त्रण समिति सुदृढ हुनपर्नेमा आन्तरिक नियन्त्रण समिति पूर्णता निष्कृय रहेको देखिन्छ ।

१३ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
संघीय पूँजीगत	४०७७३०९३	०	१७१८३९२	३९०५४७०१	२९९६७२५६
प्रदेश पूँजीगत	४३०३८३९९	०	९५८१००२	३३४५७३९७	११४८४१७५
गाउँपालिका पूँजीगत	३४२२३६७०९	४२६१६१७७	८६२६१७३४	२१३३५८७९८	५५६६३३२०
कूल खर्च	४२६०४८२०१	४२६१६१७७	९७५६११२८	२८५८७०८९६	९७११४७५१
खर्च प्रतिशत	१००	१	२२	६७	२३

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिकमा पूँजीगत खर्चको ६७ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र २२.८० खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नमा ध्यान दिनुपर्दछ ।

१४ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण

कोषमा रु.२० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धमा पालिकाबाट आवश्यक कानूनी व्यवस्था भएको छैन।

---

१५ **धरौटी खाता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि,२०७७ को नियम ६८ मा उल्लेखित अवधि भित्र धरौटि फिर्ता लिन नआएको,बैंक खातामा जम्मा भएको तर धरौटी खातमा लेखाकंन नभएको तथा कसले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंकको खातामा रहेको धरौटी रकम कार्यालयले राजश्व खातामा दाखिला गर्न सक्ने व्यवस्था छ । पालिकाले गत आ व को अल्यामा नामनामेसी भिडान नभएको भनि रु१३७२३८१ अल्या गरेकोमा यस आ व को अन्तमा रु११०९३१४।०० वांकी रहेको देखिन्छ भने भौचर प्राप्त नभइ नामनामेसी नभिडेको भनि गत वर्षको अल्या रु १७६९२५ अल्या गरेकोमा आर्थिक वर्षको अन्तमा रु१४५९८५।०० वांकी रहेको देखिन्छ र यस वर्षको थप नामनामेसी नभिडेको रु१६४५८१६ गरी जम्मा रु२९०१११५।०० नामनामेसी नभिडेको रकम कसले के प्रयोजनका लागि राखेको हो सो को नाम तथा प्रयोजन खुलाई धरौटी खातामा अद्यावधिक गर्नुपर्ने अन्यथा राजश्व खातामा जम्मा गर्नुपर्ने देखिन्छ ।

---

१६ कर चुक्ता प्रमाण विना धरौटी फिर्ता

.... *(प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा आन्तरिक राजस्व कार्यालयबाट प्राप्त करचुक्ता को प्रमाण पेश भएको आधारमा मिति २०८१।१।४ को निर्णयबाट रकम रु १२७८९०० सम्परीक्षण गरिएको ।)*

---

१७ **कर संकलन**

स्थानीयसरकारसंचालनऐन, २०७४कोदफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

शीर्षक	प्रस्तावित आय	वास्तविक आय	आम्दानी(%)
११३१३ एकीकृत सम्पती कर	५०००००	७८८०१३	१५.८
११३१४ भुमिकर / मालपोत	१००००००	६८३५८६९.५	६८.४
११३२१ वहाल कर	३०००००	४९४६७११.८५	१६४.९
११३२२ वहाल विटौरी कर	१०००००	१२७६९९७	१२७.७
११६११ व्यवसायले भुक्तानी गर्ने	५२०००००	५८४९३०५	११२.५
१३४११ अन्य संस्थागत आन्तरिक अनुदान	७००००००	०	०
१४२१३ अन्य बिक्रीबाट प्राप्त रकम	२०००००	०	०

१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	३००००००	१४८६३३२४.०१	४९५.४
१४२२१ न्यायिक दस्तूर	२०००००	२१,१६५.००	१०.६
१४२४१ पार्किङ्ग शुल्क	१५००००	०	०
१४२४२ नक्सापास दस्तुर	१५००००००	४३१०१६४.६२	२८.७
१४२४३ सिफारिश दस्तुर	६९००००००	२५१९७१७०	३६.५
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	५०००००	३००४००	६०.१
१४२४५ नाता प्रमाणित दस्तुर	५०००००	१२१५००	२४.३
१४२४९ अन्य दस्तुर	१००००००००	१०३७८०११.६१	१०३.८
१४३११ न्यायिक दण्ड , जरिवाना र जफत	५०००००	२६,२५०.००	५.३
१४३१२ प्रशासनिक दण्ड , जरिवाना र जफत	३०००००	१४१३९७६	४७१.३
	१९३५५००००	७६३२८८५७.५९	३९.४

१८ आय संकलन सम्वन्धमा देखिएका अन्य व्यहोरा

- उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ३९.४० प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ ।शिर्षकगत रुपमा विश्लेषण गर्दा भुमिकर ६८.४ प्रतिशत संकलन गरेको छ भने सम्पत्ति कर १५.८ प्रतिशत मात्र संकलन गरेको देखिन्छ । यसवाट आय अनुमान गर्ने आधार तथ्याकंपरक र यथार्थपरक रहेको देखिएन । अतः पालिकाले गत विगत वर्षको तथ्याकं, नयाँ तथा ठुला करदाताको पहिचान गर्दै तिनिहरुलाई पनि करको दायरामा ल्याई करदाता अभिलेख अद्यावधिक गरी चालु आर्थिक वर्षमा प्राप्त गर्न सकिने आयको यथार्थपरक अनुमान गर्दै संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउन आन्तरीक आयको हिस्सा वढाउने तर्फ ध्यान दिनुपर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक आय संकलनका लागि सेवा प्रदायक सांग्रिला इन्फर्मेटिक प्रा लि सँग सम्झौता गरी कर संकलन सफ्टवेयर प्रयोगमा ल्याएको छ । सफ्टवेयरको संचालन, परिमार्जन तथा व्यवस्थापन सेवा प्रदायक कम्पनिले मात्र गर्ने, नगरपालिकाको प्रणालिमा पुर्ण रुपमा नियन्त्रण नहुने, सेवा प्रदायकले रकम कलममा हेरफेर गरेमा पत्ता लगाउने नियन्त्रण व्यवस्था नहुने, जस्ता कार्यले आन्तरिक आय संकलन र लेखाकंनमा आन्तरिक नियन्त्रण प्रणाली विश्वश्त र भर्पर्दो देखिएन । अत आय संकलन, लेखाकंन तथा प्रतिवेदन प्रणालीलाई थप पारदर्शि तथा सुदृढ गरी आय व्यवस्थापन प्रभावकारी वनाउनु पर्दछ ।
- सेवाग्राहिको विवरण सफ्टवेयरमा पोष्टिङ्ग गरी कम्प्युटर विलका आधारमा रकम संकलन गर्ने र नगरपालिका तथा वडाका कर्मचारीहरुले नियमानुसार बैंकमा दाखिला गर्ने गरेको बताएपनि नमुना परिक्षणका क्रममा कतिपय वडाले संकलित रकम समयमानै दाखिला गर्ने गरेको पाइएन । पालिकाले राजश्व दाखिला नियमानुसार समयमा नै गर्ने व्यवस्था गर्नुपर्दछ ।त्यस्तै पालिकामा राजश्व संकलनको रसिद नियन्त्रण खाताको व्यवस्था गरेता पनि खातामा रसिदको व्यवस्थित ढंगले अद्यावधिक विवरण

राखेको पाइएन । अत पालिकाले रसिद नियन्त्रण खातामा रसिदको आम्दनी तथा खर्चको व्यवस्थित अभिलेख राखि राजश्वको लेखाकंन गर्नुपर्दछ ।

१९ अमानतबाट दहत्तर वहत्तर संकलन

पालिकाको क्षेत्र भित्र पर्ने शालीनदी,गडगडे खोला तथा मनमत्ता र सुकेखोलाबाट नदीजन्य पदार्थ (ढुंङ्गा,गिटि र वालुवा) को उत्खनन संकलन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्विकृत गरी त्यसवाट निर्धारण भएको ६८७७८३१।६२ घ.फि. दहत्तर बहत्तर संकलनका लागि मिति २०७९।०४।२५ मा प्रथम पटक वोलपत्र आव्हानको लागि सुचना प्रकाशन गर्दा कुनैपनि निवेदन नपरेको भनि मिति २०७९।०५।३० मा बसेको ६४ औ कार्यापालिकाले ठेक्का नपर्ने अवधि सम्मका लागि अमानतबाट दहत्तर बहत्तर राजश्व संकलन गर्ने निर्णय गरेको देखियो । तत पश्चात पनि ५ पटक सम्म सुचना प्रकासन गर्दा ठेक्का नलागेकोले आर्थिक वर्ष भरिनै पालिकावाट कर्मचारी परीचालन गरी अमानतबाट रु ४ करोड १ लाख राजश्व संकलन गरेको देखियो । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन

- पालिकाले सवारी साधनको क्षमताका आधारमा घन फिटको निर्धारण गरी नदिजन्य र खानिजन्य पदार्थका लागि दररेटको व्यवस्था गरेता पनि लेखापरिक्षणका क्रममा केहि रसिद नमुना परिक्षण गरेर हेर्दा कतिपय रसिदमा सवारी साधन कुन हो पुरा विवरण खुलेको पाइएन । त्यस्तै गरेर ध्रुव थापा सप्लायर्सवाट एकमुष्ट दुई लाख पचास हजार रकम जम्मा भएको पाइएको सम्वन्धमा निजि प्रयोजनको भएकोले तिन थान रसिद बरावरको एकमुष्ट रकम दाखिला भएको कार्यालयले जनाएको छ । पालिकामा अमानतबाट संकलित करको दैनिक रुपमा चेकजाँच गर्ने तथा आन्तरीक नियन्त्रण गर्ने कुनै संयन्त्र खडा गरेको देखिएन। ढुँङ्गा,गिट्टी मापदण्ड २०७७ को दफा ९ मा नदीजन्य पदार्थको उत्खनन्, संकलन र विक्री सम्वन्धि प्रकियाको अनुगमन सम्बन्धि व्यवस्था बमोजिम चेक लिष्ट तयार गरी नियमित अनुगमन तथा प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।
- पालिकाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम निर्धारण भएको ६८७७८३१।६२ घ.फि. पदार्थ दहत्तर वहत्तर संकलनका लागि कर्मचारी परीचालन गरीएकोमा उक्त परिमाण मध्ये असार मसान्त सम्म के कति निकासी भयो भन्ने व्यवस्थित अभिलेख राखेको पाइएन । ढुँङ्गा, गिट्टी मापदण्ड २०७७ को अनुसुची ४ (क) र (ख) मा भएको व्यवस्था वमोजिम ढुवानी गरेको परिणामको दैनिक अभिलेख राख्नुपर्दछ ।

२० मुल्य अभिवृद्धि कर दाखिला

अमानतबाट संकलित रकम मध्ये गौ.भौ २०-०८०।०३।२३ मा रु ९४५६११३।०० मा १३ प्रतिशत मु.अ.कर कट्टा गरेको रकम रु.१०८७८७१।०० आर्थिक वर्षको अन्त सम्म पनि चेक नसाटिएको भनि दाखिला नगरेको हुदां नियमानुसार मुल्य अभिवृद्धि कर दाखिला गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१०,८७,८७१

२१ **दहत्तर बहत्तर रकम वांडफाँड**

पालिकाले गौ.भौ.न २१।०८०।३।३१ मा आम्दानी बाँधेको रकम रु.१०२२५३०।०० नियमानुसार वाँडफाड नगरी गौ.भौ.२२।०८०।३।३१ वाट पालिकाको खातामा ट्रान्सफर गरेको देखिन्छ । उक्त दहत्तर बहत्तर रकममा १३ प्रतिशत मु.अ.कर रकम रु.११७६३६ राजश्व दाखिला गर्नुपर्ने र बांकी रकमको ४० प्रतिशत रकम रु.३६१९५८।०० प्रदेश संचितकोषमा दाखिला गर्नुपर्ने

विवरण	दाखिला गर्नुपर्ने रकम रु
मु. अ . कर दाखिला	११७६३६।००
प्रदेश संचित कोष दाखिला	३६१९५८।००
जम्मा	४७९५९४।००

असुल गर्नुपर्ने	४,७९,५९४

२२ **पार्किङ्ग शुल्क**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६० मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलव्ध गराए वापत पार्किङ्ग शुल्क लगाउन सक्ने व्यवस्था छ । पालिकाले शालिनदि मेलामा आउने यात्रीहरुको पार्किङ्ग व्यवस्थापनका लागि मिति २०७९।०९।२६ मा चलाखु टोल सुधार समितिसँग रु.१९८०००।०० मा सम्झौता गरेको देखिन्छ । पालिकाले गत वर्षमा सुचना निकाल्दा कुनै निवेदन नपरेको र पुषमा शालिनदि मेलाकै समय भएकोले सुचना प्रकाशन गर्न समय नभएकोले विगत वर्षको आधारमा चलाखु सुधार समितिसँग सम्झौता गरेको बताएता पनि नियममा भएको व्यवस्था वमोजिम प्रतिस्पर्धाका माध्यमवाट सेवा प्रदायक छनौट गरी आन्तरीक आयलाई अभिवृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२३ **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेकोछ ।

गत वर्षबाट सरेका विवाद	यस वर्ष दर्ता भएको	जम्मा	फछ्र्यौट/कारवाही भएका विवाद	फछ्र्यौट/कारवाही हुन बाँकी विवाद
१७	५९	७६	५२	२४

२४ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

सि.नं.	विवरण	संख्या
१.	ऐन	२५
२.	नियमावली	९
३.	कार्यविधि तथा निर्देशिका	९३
४.	नीति	०
	जम्मा	१२७

२५ तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी ८१ जना स्थायी कर्मचारीलाई रु. २७८०८१०८।९० तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०७९/८० को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अतः उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

२६ दरबन्दी र पदपूर्ति

पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्थाः					
पद	**श्रेणी/तह**	**दरबन्दी**	**पदपूर्तिको स्थिति**		
			स्थायी	**अस्थायी**	**करार**
प्रमुख प्रशासकीय अधिकृत		१	१		
उप सचिव	नवौं/दशौं	१	१		
प्रमुख महिला विकास अधिकृत	नवौं/दशौं	१	१		
सिनियर डि.ईन्जिनियर	आठौं/नवौं	१			
प्रशासकीय अधिकृत	आठौं	१			
शिक्षा अधिकृत	सातौं/आठौं	१	१		
जनस्वास्थ्य अधिकृत	सातौं/आठौं	१	क़		
प्रशासन अधिकृत	छैटौं/सातौं	४	३		

लेखा अधिकृत	छैटौं/सातौं	१	१		
कृषि विकास अधिकृत	छैटौं	१	१		
पशु विकास अधिकृत	छैटौं	१	०		
सूचना प्रविधि अधिकृत	छैटौं	१			१
जनस्वास्थ्य निरिक्षक/सिअहेव	छैटौं	१	१		
सि.अ.न.मी.	छैटौं	४	३		
कानून अधिकृत	छैटौं	१			
ईन्जिनियर	छैटौं/सातौं	४	१		३
मेडिकल अधिकृत	आठौं	२	१		२
सिअहेव/जनस्वास्थ्य निरिक्षक	छैटौं	६	६		
प्रशासन सहायक	पाँचौ	१५	३		
शिक्षा सहायक	पाँचौ	१	१		
सव ईन्जनियर	पाँचौ	५	४		
अमीन	पाँचौ	१	१		
लेखा सहायक	पाँचौ	१	१		
लेखा परीक्षण सहायक	पाँचौ	१	१		
प्राविधिक सहायक कृषि	पाँचौ	३	१		
कम्प्युटर अपरेटर	पाँचौ	२			१
प्राविधिक सहायक भेट	पाँचौ	२	१		
म.वि.नि	पाँचौ	२	२		
नगर प्रहरी नायव निरिक्षक	पाँचौ	१			१
सि.अ.हे.ब/हे.अ.	पाँचौ	१४	१४		१
स्टाफ नर्स	पाँचौ	५			२
ल्याब टेक्निसियन	चौथो/पाँचौ	१			१
रेडियोलोजिस्ट	चौथो	१			१
सि.अ.न.मी/अ.न.मी.	चौथो	१४	१३		२
प्रशासन सहायक	चौथो	८	६		
अ.हे.ब	चौथो	५	५		
ल्याब असिस्टेन्ट	चौथो	४			२
लेखा सहायक	चौथो	१	१		
सहायक कम्प्युटर अपरेटर	चौथो	११	०		६
नगर प्रहरी सहायक निरिक्षक	चौथो	१			१
अ.सब ईन्जिनियर	चौथो	५	४		
खा.प.स.टे.	चौथो	१		१	
नगर प्रहरी हवल्दार	तेस्रो	१			१

कार्यालय सहयोगी		३६	१		३१
नगर प्रहरी जवान		६			३
हलुका सवारी चालक		४			४
हेभी सवारी चालक मेका		१			
एम्बुलेन्स चालक		३			३
प्रधानमन्त्री रोजगार कार्यक्रम		३			३
मेडपा		२			१
पञ्जीकरण सेवा इकाई		२			२
कृषि तथा पशु स्नातक		२			२
न्यायिक सहजकर्ता		१			१
क्षयरोग सहायक		१			१
		२००	८१	१	७६

२७ **सहकारी संस्थाको विवरण**

पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

सहकारी संस्थाको किसिम	सहकारी संख्या	सदस्य संख्या	शेयर पूँजी रु
वचत तथा ऋण सहकारी संस्था लि.	३४	१००००	१७००००००
बहुउदेश्यीय सहकारी संस्था लि.	५	१०००	२५०००००
कृषि सहकारी संस्था लि.	२४	७२०	३६०००००
अन्य	२०	८००	२०००००
जम्माः	८३	११५२०	२३३०००००

२८ सहकारी संस्थाको अनुगमन

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छ ।

पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या	अनुगमन गरेका सहकारी संस्थाको संख्या	अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरु	अनुगमन प्रतिवेदन उपर गरेको कारबाही
८३	३८	साधारण सभा समयमा नभएको लेखा परिक्षण समयमा नभएको	सजग गराइएको

पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि ऐनमा तोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा

हुन सक्ने दुरुपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

२९ क्षेत्रगत बजेट र खर्च

२९.१ स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	खर्च प्रतिशत
आर्थिक विकास	९,८४ ,१७ ,०००.००	३,६२ ,५४ ,८२५.५०	३६.८४
सामाजिक विकास	५१,४८ ,८२ ,५००.००	३३,४२ ,२८ ,९७५.१९	६४.९१
पुर्वाधार विकास	६०,२६ ,०४ ,०००.००	२७,२४ ,४५ ,८८३.००	४५.२१
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	९,४७ ,०२ ,०००.००	३,२८ ,२९ ,५७७.९४	३४.६७
कार्यालय संचालन तथा प्रशासनिक	२१,६५ ,२९ ,५००.००	१३,८१ ,१६ ,५६१.७५	६३.७९

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पुर्वाधार विकासमा सबै भन्दा बढी र सुशासन तथा अन्तर सम्वन्धित क्षेत्रमा सबै भन्दा घटी वजेट विनियोजन भएको छ। अतः आर्थिक विकास र सामाजिक क्षेत्र लगायतमा पर्याप्त बजेट विनियोजन गरी दिगो र समावेशि विकासमा ध्यान दिनुपर्दछ।

२९.२ स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
सडक निर्माण तथा मर्मत	६०२६०४०००	२७२४४५८८३	४५.२१
सिंचाई	१५९५००००	१०८६७५३१	६८.१३
खानेपानी	९६८६३०००	५४४५१२८८	५६.२१

३० नक्सा पास तथा भवन निर्माण

पालिकाको भवन निर्माण ईजाजात शाखाबाट प्राप्त भएको विवरण अनुसार नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

क्र.सं.	आर्थिक वर्ष	नक्सा दर्ता संख्या	नक्सापास संख्या
१	०७९/०८०	१०५	७३

उपरोक्त विवरण अनुसार यस वर्षको अवधिमा पालिकाले जम्मा १०५ वटा नयाँ नक्सा दर्ता र ७३ वटा नक्सापास गरेको छ । त्यसैगरी पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वायनलाई ध्यान दिंदै नक्सा पालना र अद्यावधिक तथा अभिलेखीकरणको कार्यमा समेत ध्यान दिनुपर्दछ।

ओम शान्ति नेपाल, सच्चाई नेपाल केन्द्र नामका संस्थाका भवन निर्माणका लागि समेत खर्च गरिएकोमा सो भवनहरुका लागि गत विगतमा भएका खर्च तथा एकीकृत लागत अनुमान तथा डी पि आर आदि पेश हुन आएन । कुनै संस्था विशेषको भवनको लागि पालिकाले खर्च गर्दा त्यसबाट पालिकालाई हुने लाभ लागतको विश्लेषण गर्दा उपयुक्त हुने देखिन्तछ । सो संस्थालाई सोही कार्यका लागि अन्य निकायबाट सहयोग प्राप्त भए नभएको समेत यकिन गरेर मात्र दोहोरो नपर्ने गरी सहयोग गर्ने तथा सहयोग गर्दा पालिकाका लागि दीर्घकालिन हीत हुने खालका योजनामा मात्र लगानी गर्नु उपयुक्त हुने देखिन्छ ।

---

३१ योजना छनौट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

क. सं	विवरण	योजना संख्या	रकम
१	रु.१ लाख भन्दा कमको योजना	१५	८४००००
२	रू.१ लाख देखि रू.३ लाख सम्मका योजना	२३५	३९७०००००
३	रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना	१५७	५३२१५०००
४	रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना	२७१	१५००५००००
५	रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना	१८०	२५५६१५०००
६	रू.२५ लाख भन्दा माथीका योजना	३३	१५२९०५
	जम्मा	८९१	४९९५७२९०५

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

---

३२ निर्माण कार्य व्यवस्थापन

पालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

ठेक्का मार्फत		उपभोक्ता समिति मार्फत	
संख्या	रकम	संख्या	रकम
८३	३०२८०००००	४७७	१७१४५१०००

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल योजना मध्ये ठेक्का मार्फत ८३ वटा योजनामा रु ३०२८०००००० खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ४७७ योजनामा रु १७१४५१००० खर्च गरेको छ ।पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

३३ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ दफा ४७, मा पेश्की फछ्र्यौट गर्नुपर्ने तथा पेश्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टा छुट्टै अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको विवरण अनुसार निम्नबमोजिम आर्थिक वर्षको अन्त्यमा फछ्र्यौट गर्न बाँकी पेश्की रहेको छ । नियमानुसार समयमै पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

क स	पेश्की लिने व्यक्ति वा फर्म	म्याद ननाघेको	म्याद नाघेको	जम्मा
१	आरोग्य सुवेदी जे भी	१५६७०५००	०	१५६७०५००
२	प्रजिल कन्ट्रक्शन प्रा लि	५०००००	०	५०००००
३	गाँउले कन्ट्रक्शन प्रा लि	२०००००	०	२०००००
४	कायम कन्ट्रक्शन एण्ड सप्लायर्स प्रालि	४९७०००	०	४९७०००
५	नवदुर्गा विल्डर्स	१३०००००	०	१३०००००
७	नेपाल विद्युत प्राधिकरण जोरपाटि वितरण केन्द्र	२७५६७८	०	२७५६७८
जम्मा				१८४४३१७८

३४ समपुरक अनुदान

विनियोजन ऐन, २०७८ को दफा ४ (१२) मा शशर्त, समपुरक तथा विशेष अनुदानको रकम सोही आर्थिक वर्ष खर्च नभए वचत रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको मितिले १५ दिन भित्र फिर्ता गर्नुपर्ने र नगरे आगामी वर्षमा हस्तान्तरण हुने वित्तीय समानिकरणको रकमवाट कट्टा गर्नुपर्ने उल्लेख छ। साथै प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७५ को नियम ४ (२) मा प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति,प्राथमिकता,आवश्यकता,प्राप्त हुन सक्ने सम्भाव्य उपलब्धी,दीगोपना आदीको आदीको आधारमा कुल लागतको बढीमा पचास प्रतिशत सम्म रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था रहेको छ । पालिकामा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपूरक अनुदान) पूर्वाधार विकास उपक्षेत्र अन्तरगत इन्द्रायणी विहार भुल्भु सडक,पुखुलाछी कठनचोक इन्द्रायणी सडक,फेदी बुर्कुमाला सडक मा प्रत्येक योजनामा रु १/ १ करोड गरी जम्मा रु ३ करोड विनियोजन भएको छ। उपर्युक्त तीन योजनाका लागि प्रदेश सरकार श्रोततर्फबाट जम्मा रु २९३०९४७४।०० र पालिकास्तरबाट रु ३२०००००।०० गरी जम्मा रु ३२५०९४७४।०० खर्च भएको देखिन्छ ।कार्यविधि बमोजिम प्रदेश श्रोततर्फबाट कुल खर्चको ५० प्रतिशतले हुने रकम रु

१६२५४७३८।०० मात्र खर्च हुनुपर्नेमा बढी खर्च गरेको रकम रु १३०५४७३७।०० पालिकाले व्यहोर्नुपर्ने देखिएकाले सो रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,३०,५४,७३७

३५ अन्य निकायलाई अनुदान

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१(च) मा कुनै काम अनावश्यक रूपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा केन्द्रिय निकायबाट नगरिएको विषयमा सुनिश्चित हुनुपर्ने व्यवस्था छ।त्यसै गरी अर्थमन्त्रालय अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी मार्गदर्शनको बुँदा नं २८ मा स्थानीय तहको बजेट तथा कार्यक्रममा समाबेश भएको पूँजीगत तर्फको कुनै कार्यक्रम प्रदेश वा नेपाल सरकारले सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन चाहेमा वा आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार अर्थमन्त्रालय बाट स्विकृत लिई प्रदेशले त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यन्वयन गर्ने गरी निर्णय लिन सक्नेछ ।त्यसैगरी स्थानीय तहको योजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन्न गर्ने निर्णय भएमा स्थानीय तहले संघीय निकायको नाममा सम्बन्धित को.ले.नि.का कार्यालयको विविध खातामा रकममा जम्मा हुने गरी निकासा दिनु पर्ने व्यवस्था छ। नगरपालिकाले सम्बन्धित निकायको केन्द्रिय तहको स्वीकृती बेगर नै सिधै रकम भुक्तानी गरी खर्च लेखाङ्कन गरेकोमा उक्त कार्य नियमसंगत देखिएन।यस्तो खर्च दोहोरो समेत पर्न सक्ने भएकाले यसमा नियन्त्रण हुनुपर्दछ।

कार्य	भुक्तानी पाउने पार्टी	रकम	कैफियत
कार्यालय व्यवस्थापन	मालपोत कार्यालय, शंखरापुर	१०००००० ।	अनुदान उपलब्ध गराएको बिल भर्पाई पेश नभएको ।
कार्यालय व्यवस्थापन	नापी कार्यालय, शंखरापुर	४००००० ।	
कार्यालय व्यवस्थापन	इलाका प्रशासन कार्यालय, शंखरापुर	४००००० ।	
जम्मा		१८००००० ।	

त्यस्तै किर्तिपूर आँखा अस्पताललाई सभाको निर्णयले विना कुनै सम्झौता रु.३००००० अनुदान उपलब्ध गराइएको छ । उक्त रकमको परिचालन सम्बन्धमा स्पष्ट मार्गदर्शन बेगर अनुदान भुक्तानी भएको छ । सो अनुदानको लेखापरीक्षण प्रतिवेदन वा खर्चको पुष्ट्याइँ हुने कागजात समेत पेश नभएकोले खर्च नियमसंगत मान्न सकिएन ।

३६ खानेपानी गुणस्तर

जलश्रोत ऐन, २०४९ को दफा १८मा उल्लेखित व्यवस्था बमोजिम नेपाल सरकार खानेपानी मन्त्रालयको मिति २०७९।३।२ गते राजपत्रमा प्रकाशित सूचना अनुसार खानेपानीको गुणस्तरका लागि विभिन्न अनिवार्य

परीक्षण गर्नु पर्ने Parameters तोकेको छ । संघ विशेष अनुदान तर्फबाट पालिकाका लागि मणिचुड खानेपानी आयोजनाको लागि रु.२ करोड बजेट विनियोजन भई आएको देखिन्छ । सो अन्तर्गत शंखरापुर वाडा नं ८ मा Construction of semi underground water tanks and sedimentation tanks कार्यका लागि यस आ व मा ठेक्का नं. SMO/79/80/84 बमोजिम निर्माण व्यवसायी गोल्डेनस्टार कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि सँग मिति २०७९।११।५ मा मु अ कर बाहेक रु. ११३४०९०८।८५ को सम्झौता गरी मिति २०८०।३।२२ मा सम्पन्न गरेको छ । उक्त निर्माण कार्यको लागि संघ, प्रदेश तथा पालिकास्तरबाट गत विगत आ व देखि नै पटक पटक विनियोजन भई विभिन्न संरचनाको निर्माण भएको देखिन्छ । निर्माणको गुरुयोजना तथा सम्पूर्ण संरचना समेटेको एकमुष्ठ डि पि आर बनेको जानकारी प्राप्त भए तापनि सो कागजात पेश हुन आएन । कुल काम मध्ये कति सम्पन्न भयो कति बाँकि छ निर्माण सम्पन्न हुन कति लागत तथा कति समय आवश्यक हुन्छ भन्ने स्पष्ट उल्लेख भएको कागजात प्राप्त हुन नसक्दा निर्माण कार्यमा दोहोरोपना भए नभएको, संरचना तोकिएकै डिजाइन र गुणस्तर बमोजिम बने नबनेको तथा घरधुरीसम्म जोडिएका लाइनहरुमा तोके बमोजिमको पानी उपलब्ध भए नभएको यकिन गर्न सकिएन । यस आ व मा निर्माण भएका ट्यांकि लगायतका संरचनामा जम्मा भएको तथा वितरण लाइनबाट वितरण गरिएको खानेपानीको तोकेको Parameters बमोजिमको गुणस्तरको भए नभएको परीक्षण गरेको प्रमाण पेश नभएकाले गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन । नागरिकको घरघरको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध रहेको खानेपानी जस्तो विषयमा गुणस्तर कायम गर्ने तर्फ सम्बन्धित सबैको ध्यान जानुपर्ने देखिन्छ ।

---

३७ **प्रशिक्षक भत्ताः**

✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा बेरुजु रकम असुल भई दाखिला भएको प्रमाणका आधारमा मिति २०८१।१।४ को निर्णयबाट रकम रु ८८४४५ सम्परीक्षण गरिएको ।)*

---

३८ **करः**

गो भौ नं १३३।२०७९।०८।२५ आयकर ऐन २०५८ को दफा ८८-१ मा बासिन्दा ब्यक्तीले नेपाल श्रोत भएको सेवा शुल्क(मू अ करबिजक जारी नगरीकन) भुक्तानी भएकोमा १५ प्रतिशत कर कट्टि गर्नुपर्ने ब्यबस्था रहेको छ।पालीका वाट संचालित सामुदायिक कुकुर वन्ध्याकरण कार्यक्रममा National Zoonosis & Food Hygiene Research Center ले कार्यक्रम संचालन गरेवापत ४२४४९०। भुक्तानी गरिएकोमा भ्याट विल पेश नगरी प्यान विल मार्फत अग्रिम आयकर वापत १.५% कर मात्र कट्टी गरेको हुदा नपुग कर असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	५७,३०७

---

३९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ उपदफा ९ मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने उल्लेख रहेको छ । त्यसैगरी खरिद योजना र खरिद प्याकेज सम्बन्धमा खरिद योजना बनाई आइटम अनुसार प्याकेजहरु छुट्टाइ खरिद गर्नुपर्नेमा सो नगरी कार्यालयले विभिन्न १० फर्मसँग पटकै पिच्छे सोझै वा ३ वटा सँग खुला दररेट लिई कुल ६१,३५,४७९।०० बराबरको फर्निचर तथा फिक्चरका सामान खरिद गरेको पाइयो । बजेट तथा कार्यक्रम अनुसार आर्थिक वर्षको शुरुमा नै खरिद योजना बनाई नियमानुसार सकेसम्म प्रतिस्पर्धा हुने गरी तोकिएको खरिद विधि बमोजिम खरिद कार्य गर्नुपर्दछ ।

४० **मेयरसँग युवा कार्यक्रम :**

नगरपालिकाले ग्रामिण युवासँग मेयर कार्यक्रम कार्यविधि २०७८ जारी गरी पालिकाको मेयर सँग युवा कार्यक्रम अन्तर्गत मिति २०७९ भदौमा सुचना प्रकाशन गरी गाई भैंसी खरिदका लागि ५० प्रतिशत अनुदान दिने व्यवस्था गरे बमोजिम विभिन्न २० जना युवा कृषकलाई व्यवसाय संचालनका लागि जनही रु ५०००० पेश्की दिएको देखिन्छ। कार्यविधिको बुँदा नं ७ मा व्यवसायीले व्यवसायको कार्ययोजना पेश गर्नुपर्ने र कार्यविधिमा उल्लेख भएबमोजिम पशु विकास शाखाको उपसमितिले पेश गरे बमोजिम भए नभएको अनुगमन गरी प्रतिवेदन गर्नुपर्ने व्यवस्था भएकोमा अनुगमन भएको देखिएन। वितरण भएको अनुदानको उपयोग सम्बन्धमा सुनिश्चित हुन तोकिएबमोजिम अनुगमन गर्नुपर्दछ ।

४१ निर्माण सामाग्रीमा बढी मूल्यवृदि कर रकम :

उपभोक्ता समितिबाट काम गराउँदा तयार गरिने दर विश्लेषण स्थानीय स्तरमा प्राप्त हुने र मूल्य अभिवृद्धि कर नलाग्ने सामानमा मूल्य अभिवृद्धि राखी दर विश्लेषण गर्नु हुदैन । साथै रकम भुक्तानी गर्दा पनि मूल्य अभिवृद्धि कर थप गरी दिनुहुँदैन । उपभोक्ताले बाटो निर्माण, भवन निर्माण लगायतका काम गर्दा खरिद गर्ने आईरन, सिमेन्ट, काठ, सालको काठ, जस्तापाता जस्ता आईटममा मात्र खरिद तथा प्रयोग गरेको परिमाणको आधारमा दर विश्लेषणमा नै समावेश गरी वा दर विश्लेषणमा समावेश नगरेको भए पछि कार्य बिलमा थप गरी दिनुपर्दछ। उपभोक्ताले ठूलो परिमाण र रकममा ढुङ्गा, बालुवा, रोडा जस्ता स्थानीय सामग्री विना घटाघट/प्रतिस्पर्धामा खरिद गरेको सामग्रीमा समेत मूल्य अभिवृद्धि कर थप गरी उपभोक्तालाई रकम भुक्तानी दिँदा नगरपालिकालाई थप व्ययभार पर्न गएको अवस्था छ । तसर्थ तहाँ पालिकाबाट देहायका उपभोक्ता समितिलाई दिएको मूल्य अभिवृद्धि कर सिमेन्ट, डण्डी, काठ, जस्तापाता बाहेक अन्य स्थानीय सामग्री जस्तै ढुङ्गा, ग्रावेल, बालुवा लगायतमा मूल्य अभिवृद्धि कर भूक्तानी गर्दा पालिकालाई थप ब्ययभार पर्न जान्छ । केही उदाहरण

गो.भौ. नं/मिति	कार्यविवरण	उ.स	रकम	नापी तथा सम्पन्न अनुसार भ्याट रकम	विल अनुसार भ्याट रकम
७९	वाफ धारा तथा इनार पूर्ननिर्माण	वाफ धारा तथा इनार पूर्ननिर्माण उ.स	८३७५९१	८८५२७.	१५३४१६
८०	कप्तान डाँडा सडक स्तरउन्नति	कप्तान डाँडा सडक स्तरउन्नति	५०००००	४०९३५	४८३३१

४२ खानेपानी आयोजना :

४२.१ भञ्याङ खानेपानी आयोजनाले को लागी आ.व २०७८।७९ मा अम्बर शान्ति विल्डर सँग रु २०,७५,८४३ भ्याट र P.s item सहित रु मिति २०७८।१२।१० मा सम्झौता भएको देखिन्छ। सम्झौताका बखत २०७९।३।३० मा सम्पन्न गर्नु पर्ने म्याद भए पनि म्याद थप गरी मिति २०७९।५।६ सम्ममा रु २०७५४८३ भुक्तानी गएकोमा थप व्यहोरा निम्न रहेका छन्।

४२.२ लागत अनुमानका बखत अनुमान गर्न नसकिने Item भनी BOQ नभएको Electrical wiring works for operation of the boring paratus as required and others वापतको रकम मिति २०७८।१२।२३ मा पालिकाको स्टोर बाट निकासी भएको पाइप निर्माण व्यबसायीले प्राप्त गरेको र laying and jointing of pipes को कार्यक्रममा खर्च भएको प्राविधिक मुल्याँकन राखि भुक्तानी भएकोले सम्पन्न कार्य भन्दा असम्बन्धित खर्च भुक्तानी प्राप्त गर्ने पार्टिबाट असुल हुनुपर्ने ।

असुल गर्नुपर्ने	५५,७००

४२.३ सार्वजनिक खरिद नियमावली २०७६ को नियम ३९ अनुसार कागजातको सक्कल विल भर्पाइ पेश हुनुपर्ने व्यबस्था रहेको छ । निर्माण व्यवसायिले पेश गरेको ps Item अन्तर्गतको बिमाको रकम फोटोकपी विलको आधारमा रु ६२१५ रहेकोले सक्कल बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने ।

प्रमाण पेश नगरेको	६,२१५

४३ अबण्डा खर्च :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतका आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको आषाढ १० को सातौं नगरसभाबाट पारित भएको आ.ब. २०७९।८० को नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा भैपरी तथा विपद व्यवस्थापन शिर्षकमा रकम अवण्डा राखेको देखियो । अवण्डा रकमबाट पटक पटक गरी सुविधाका आधारमा छनौट भएका योजनामा खर्च गरेको छ । शुरु योजना तथा बजेटमा समावेश नगरी सुविधाका आधारमा योजना गर्ने र छनौट गरीएका योजनामा रकम शत प्रतिशत भन्दा पनि बढी थप गर्ने परिपाटी आर्थिक तथा बजेट प्रणालीको विपरीत अनियमित देखिन्छ ।

क्र.सं.	योजना/उ.स.को नाम र ठेगाना	बजेट	थप बजेट	जम्मा रकम
१	वडा नं. २ को बाटो सरसफाई	६४५००	२०००००	२६४५००
२	जगाते चौकी भन्ज्याङ सडक	१५००००	२०००००	३५००००
३	साँखु वज्रयोगिनी सडक	४०००००	२०००००	६०००००
४	बज्रयोगिनी मणिचुड सडक	५०००००	२०००००	७०००००
५	सामरी खोला पूल संरक्षण	४३००००	२०००००	६३००००
६	साँखु आधारभूत विद्यालय पर्खाल निर्माण	३८००००	२०००००	५८००००
७	भिमसेन मन्दिर निर्माण उ.स.	२०००००	२०००००	४०००००
८	वा फल्चा	१४००००	२०००००	३४००००
९	आँगाटोल सडक	२५००००	२०००००	४५००००
१०	ओम श्री नवराज लावण्यवती मन्दिर सुधार समिति	१०००००	२०००००	३०००००
११	कालिका भगवती मन्दिर पूर्वाधार	२०००००	२०००००	४०००००
१२	धलंको ढुंगा सोलिङ	५०००००	२०००००	७०००००
१३	हरिहर मन्दिर निर्माण	२५००००	२०००००	४५००००
१४	बज्रयोगिनी सिँढीमा ढुंगा कटिङ	१०००००	२०००००	३०००००
१५	३ नं. वडा बाटो सरसफाई	२५००००	२०००००	४५००००
१६	गुरुडघाट चिहानेपाटी ट्रस निर्माण	१०००००	२०००००	३०००००
१७	सडक मर्मत तथा मेसिनरी वाल उ.स.	२५००००	२०००००	४५००००
१८	स्वर्णिमपुर सिकाई केन्द्र	२०००००	५०००००	७०००००
१९	कृष्ण भगवती गुठी संरक्षण उ.स.	२०००००	२०००००	४०००००
२०	भट्टराईटोल गोरेटो बाटो	२५००००	२०००००	४५०००
२१	श्री मणिचुड जन्मभूमी महाविहार	२०००००	२०००००	४०००००
२२	मुलकुलो सिंचाई	४००००	२०००००	६०००००
२३	भगवती मा.वि.	५००००	२०००००	२५००००
२४	थापाटोल, कुवरटोल सापकोटाटोल खा.पा.	४००००	२०००००	६०००००

४४ हेभी इक्विपमेण्टको प्रयोग :

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

४५ दायित्वमा समावेश नभएको भुक्तानीः

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुखले सम्बन्धित निकायबाट श्रावण १५ गतेभित्र भुक्तानी

बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाले अघिल्लो बर्षको तिर्न बाँकी दायित्वमा समावेश नभएको खाजा तथा विभिन्न खर्च तिर्न बाँकी भनी रु १७३५१२ विभिन्न खाजाका विलहरु को भुक्तानी गरेको देखिन्छ । भुक्तानी बाँकीको विवरणमा समावेश गरेर मात्र खर्च गर्नुपर्दछ ।

---

४६ उपभोक्ता समितिबाट जटिल संरचना निर्माण :

सार्वजनिक खरिदर नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई औजार उपकरणको आवश्यक नपर्ने श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यबस्था रहेको छ । नगरपालिकाले आर.सि.सि फ्रेम स्ट्रक्चर सहितका भवन निर्माण, सडक कालोपत्रे गर्ने, सडक ढलान गर्ने तथा टंकी निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो यस्ता कार्य र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त देखिन्छ ।यस्ता कार्यका उदाहरण निम्न बमोजिम छन् :

गौ. भौ . नं र मिति	कामको विवरण	सम्झौता र लागत अनुमान	जम्मा भएको कार्य	जनसहभागिताको दर	कैफियत
३४-२०७९।०६।१२	श्री माधवनारायण स्वस्थानी व्रत तथा शालिनदी सुधार उपभोक्ता समिति	६१७५०००	३६५५७८८।८१	११२८४७१।८४	ह्याचरी भैरव विल्डर्सले कार्य गरेको १९७७५००
२०७९।३।५	साँखु खानेपानि आयोजना आयोजना	५५०५३४२	५५०५३४२	८५००००	
४२८।२०८०।३।२४	सिरानचौर सामुदायिक भवन	९५५१५०	९५५१५०	९५५१५	
२०८०।१।२७।२८५	पैयाँखानी खानेपानी निर्माण उपभोक्ता समिति	१३३५१५९	१०२६०५८	१३३५१	-
४६५।२०८०।३।२४	पिपलटारी बाखी गाउँ सडक निर्माण उपभोक्ता समिति	१३, ३५ , १५९	१३, ३५ , १५९	१३८५१५	-

४७ निर्माणसंग / सेवा सँग असम्वन्धित कार्यमा भुक्तानीः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा अनुसूची १० अनुसार निर्माण कार्यसंग सम्वन्धित आइटम समावेश गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले पालिकाको बडा नं ६,७ र ९ मा सि.सि टि.भि क्यामेरा जडानको लागि रु ४९४९४० मा विभिन्न सामाग्री राखी लागत अनुमान तयार गरेको देखिन्छ । उक्त सि. सि टि. भि क्यामरा जडान गर्नका लागि मात्र रु ४४६५७.६ राखि सोही अनुसार भुक्तानी गएको छ भने पुनः materai जडान सेवा जडान सामाग्री भनी रु १९१६५ भुक्तानी दिएकोमा असम्बन्धित खर्च भएको पाइयो। उक्त कार्यका लागि विल अफ क्वाइन्टिटिमा छुट्टै कुन आइटम को जडान

हो सो समावेश गरेको छैन । बि.ओ.क्यूमा समावेश नगरेको कार्य गरेको कार्य भनी भुक्तानी गएकोले नियमानुसार असुली हुनुपर्ने।

असुल गर्नुपर्ने	१९,१६५

४८ परामर्श सेवा खरिद

.... *(प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोराको अङकमा सामान्य त्रुटि देखिएको हुँदा उक्त विषयलाई सुधार गर्ने कार्यका निमित्त यस दफालाई सम्परीक्षण गरी थप व्यहोरा कायम गर्ने उद्देश्यका साथ मिति २०८१।१।२० को निर्णयबाट सम्परीक्षण गरिएको ।)*

४९ **जात्रा पर्वः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा खर्चसंग सम्बन्धित आवश्यक प्रमाण कागजात तथा खर्चको यर्थाथता झल्कने प्रतिवेदन सहितको कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले पालिका स्तर तथा वडा कार्यालय मार्फत विभिन्न प्रकारका जात्रा पर्व महोत्सव जस्ता कार्यक्रम संचालन गरे वापत रकम रु ३०३२७०५ खर्च गरेको देखिएको । यसरी सञ्चालित अधिकांश कार्यक्रमहरु योजना विना नै नगर प्रमुखको तोक आदेशका भरमा खर्च गरेको देखिएको छ । जात्राका लागि संलग्न सम्पूर्ण निकायको भूमिका तथा आर्थिक / गैर आर्थिक लगानी सम्बन्धमा स्पष्ट भई कार्यविभाजन गर्नुपर्ने देखिन्छ । तोकिएको कार्य सम्बन्धित निकायले गरी एकद्वार प्रणाली अपनाई खर्च तथा काम दोहोरो नपर्ने व्यवस्था गराई कला संस्कृतिको जगेर्नाका साथ साथै सो सँग सम्बन्धित व्यापार, व्यवसाय, पर्यटन तथा पार्किङ लगायतका क्षेत्रबाट पालिका तथा पालिकावासीको आयमा समेत योगदान हुन सक्ने गरी योजनाबद्ध रुपमा कार्य गर्नु उपयुक्त हुने देखिन्छ । आगामि दिनमा सरकारी रकमकको खर्चमा दीर्घकालिन पूजिवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी सोही अनुरुप कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

खेलकुद कार्यक्रमः

५० आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा खर्चसंग सम्बन्धित आवश्यक प्रमाण कागजात तथा खर्चको यर्थाथता झल्कने प्रतिवेदन सहितको कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले पालिका स्तर तथा वडा कार्यालय मार्फत विभिन्न प्रकारका खेलकुद कार्यक्रम संचालन गरे वापत रकम रु २०११९७३ खर्च गरेको देखिएको । यसरी सञ्चालित अधिकंश कार्यक्रमहरु योजना विना नै नगर प्रमुखको तोक आदेशका भरमा खर्च गरेको देखिएको छ । आगामि दिनमा

सरकारी रकमकको खर्चमा दीर्घकालिन पूजिवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी सोही अनुरुप कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

---

५१ अनुगमन भत्ताः

✍ .... *(प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा बेरुजु रकम असुल भई दाखिला भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रकम रु ५१०० सम्परीक्षण गरिएको ।)*

---

५२ **बिल भर्पाई वेगर भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम (३९) को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र आवश्यक कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ।गो. भौ. नं. १४ मिति २०७९।०६।१२ गत आर्थिक बर्षको पेश्की फछ्र्यौटमा सुचना प्रविधि अधिकृत सन्तोष आचार्यलाई विलभर्पाई वेगर रु ६००० भुक्तानी भएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	६,०००

---

५३ कार्यक्रम अनुगमन

✍ .... *(प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोराको सामान्य हेरफेरगर्ने देखिएको हुँदा उक्त विषयलाई सुधार गर्ने कार्यका निमित्त यस दफालाई सम्परीक्षण गरी थप व्यहोरा कायम गर्ने उद्देश्यका साथ मिति २०८१।१।२० को निर्णयबाट सम्परीक्षण गरिएको ।)*

---

५४ **एउटै कार्यालयका कर्मचारी मात्र बसेको बैठकको भत्ता भुक्तानीः**

अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ को ७.१.१ को ३ मा एउटै निकाय र अन्तरगतका पदाधिकारी/ कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था गरेको छ । यस नगरपालिकाले गो भौ नं १२९।२०७९।८।२० वाट मुल्याङ्कन समितिको विभिन्न समयमा पटक पटक बसेका बैठकमा १२ जनाको १०४ वैठक संख्या वापत कर वाहेक १३२६०० भुक्तानी भएको छ । साथै १४६।२०७९।९।७ वाट ११ जनाको ८८ वैठक संख्या वापत कर वाहेक ११२२०० भुक्तानी भएको छ ।यसरी एउटै प्रकृतिको कार्यको लागि एकै समितिको वैठक मितव्ययी ढंगले आवश्यकता र औचित्यतताका आधारमा मात्र राख्नुपर्नेमा पालिकाले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्ने विषयमा ध्यान नदिई

मुल्याङ्कन समितिको विभिन्न समयमा पटक- पटक बैठक बसेको भनि भुक्तानी दिएको रकम रु २४४८०० बराबर पालिकालाई थप व्ययभार परेको देखिन्छ ।

---

५५ बढी दरमा बैठक भत्ता :

.... (प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा बेरुजु रकम असुल भई दाखिला भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रकम रु ११४७५ सम्परीक्षण गरिएको ।)

---

५६ **यातायात खर्चः**

कार्यसंचालन निर्देशिका,२०७७ मा सहभागीको आतेजाते यातायात खर्चको सम्बन्धमा सार्वजनिक यातायात चल्ने स्थानमा बस बापतको न्युनतम भाडा पाउने र सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी २ दिन सम्मको लागि एकमुस्ट रु २००। र सो भन्दा बढी जतिसुकै दिन भएपनि रु ५००।एकमुस्ट पाउने व्यबस्था उल्लेख छ । पालिकाबाट सञ्चालित अधिकांश कार्यक्रम क्षमता विकास तालिम तथा गोष्ठीहरुमा सहभागिलाई यातायात वापत ५०० र १००० का दरले भुक्तानी दिएको देखिन्छ ।यसरी नियम विपरित भुक्तानी भएको रकम मितव्ययी देखिएन।

---

५७ **थप सुविधाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ को (१)मा स्थानीय सेवाको गठन, संचालन व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ढ संघीय कानुन बमोजिम हुने, दफा ८६(२) मा स्थानीय सेवाको गठन, संचालन तथा व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यबस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यबस्था छ। पालिकाले कार्यविधि निर्माण गरी कार्यरत कर्मचारीलाई मासिक तलब स्केलको १० प्रतिशत बराबर प्रोत्साहन भत्ता वितरण गरेतापनि पुन नगरसभामा खटिएका कर्मचारिलाई पुन रकम रु ७६९१६८ प्रोत्साहन स्वरुप प्रदान गरेको छ । यसरी दोहोरो पर्ने गरी प्रदान गरिने भत्ता तथा सुविधामा नियन्त्रण गर्नुपर्दछ ।

---

५८ **कानुनी सल्लाहकार :**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई सँशोधन गर्न बनेको ऐन २०७६ ले पालिका प्रमुख तथा उपप्रमुख ले कानुनुनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको देखिदैन ।पालिकामा २ जना कानुनी सल्लाहकार नियुक्त गरी २०७९ माघ देखि मासिक रुपमा जनही ३०००० सेवा सुविधा प्रदान गर्दै आएको देखिएकोछ । यसरी ऐन कानुन विपरीत हुने नियुक्त गरेका सल्लाहकार र निजलाई भुक्तानी गरेको तलव भत्ता तथा अन्य सेवा सुविधा अनियमित देखिएको रु.

अनियमित भएको	३,६०,०००

५९ **विज्ञापन पत्रपत्रिका तथा छपाईः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले विज्ञापन पत्रपत्रिका तथा छपाई शीर्षकमा आ व २०७९।८० मा जम्मा रकम रु ४०००००० खर्च गरेको देखिएको छ । यस्तो प्रकृतिको खर्चलाई न्युनीकरण गर्नको लागि प्रतिस्पर्धात्मक खरिद विधि अवलम्वन गर्नुका साथै सरकारी रकमकको खर्चमा दीर्घकालिन पूजिवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

६० लगत कट्टा भई सकेकालाई भत्ता वितरणः

✂ .... *(प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा बेरुजु रकम असुल भई दाखिला भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रकम रु २५७५६३ सम्परीक्षण गरिएको ।)*

६१ **सेनेटरी प्याडः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार पालिकाले यस बर्ष शसर्त अनुदान अन्तर्गत सामुदायिक विद्यालयका कक्षा ६ देखि १० सम्मका छात्राहरु तथा आवश्यकतानुसार अन्य कक्षाका छात्रालाई निशुल्क सेनेटरी प्याड व्यबस्थापनका लागि विद्यालय स्वमले नै नै सेनेटरी प्याड खरिद गरी बिल भरपाई पालिकामा पेश गरी सकेपश्चात १३ वटा विद्यालयका १०११ जना छात्रालाई प्रति छात्रा रु ९८५ दरले जम्मा रु ९९५८३५ अनुदान दिएको छ ।

६२ **दिवा खाजाः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ को क्रियाकलाप ७.१ बमोजिम स्थानीय तहले विद्यालय खुलेको आधारमा विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका(परिक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई संख्या एकिन भए पश्चात मात्र प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ६सम्म अध्यनरत बालबालिकाहरुका लागि रु.१५/- का दरले १८० दिनका लागि त्रैमासिक रुपमा निकासा गर्ने र त्रेस्रो त्रैमासिकमा अनुदान निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुप्रयोग भएको

सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघिय पालिकाले दिवा खाजा कार्यक्रम सञ्चालन वापत EMIS को तथ्याङक बमोजिम २०४४ जना विद्यार्थीलाई रु २६२९१९० रकम भुक्तानी दिएको छ ।

६३ प्रधानमन्त्री रोजगार कार्यक्रमः

बेरोजगार जनतालाई निर्वाहमुखिको १०० दिन सम्म बर्षभरीमा रोजगारी दिने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याएको हो ।पालिकाले आ व २०७९।८० मा रकम रु९२६३७६ खर्च गरी २३ वटा कार्यक्रम सञ्चालन गरी न्युनतम ५ दिन र अधिकतम ४६ दिन सम्म को रोजगारी सिर्जना गरेको देखिएको छ । रोजगारी दिएका मध्ये अधिकांश रोजगारी पार्क,नहर सरसफाई जस्ता कार्य बापत भुक्तानी दिएको देखिन्छ । यस्ता कार्यक्रम भन्दा वातावरीय र भविष्यमा दिगोपना आउने खालका कार्यक्रम सञ्चालन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

६४ विद्यालय र विद्यार्थी संख्या

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

क्र.सं.	विद्यालयको किसिम	विद्यालय संख्या	विधार्थी संख्या
१	सामुदायिक विद्यालय	२३	३६३५
२	संस्थागत विद्यालय	१२	३८६१
	जम्मा	३५	७४९६

उपरोक्त विवरण अनुसार जम्मा विधार्थी संख्या ७४९६ रहेकोमा ४८ प्रतिशत सामुदायिक र ५२ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

६५ शैक्षिक गुणस्तर

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७९ सालको एस.ई.ई. परीक्षामा जम्मा १६३ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

क्र.स.	जिपिए	जम्मा विधार्थी	उत्तिर्ण विधार्थी संख्या		उत्तिर्ण प्रतिशत	
			संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक
१	३.६१ - ४.००	३७	३३	४	१५।४२	१।९४
२	३.२१ - ३.६०	१२६	११३	१३	५२।८	६।३१
	जम्मा	१६३	१४६	१७	६८।२२	७।४५

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जिपिए ल्याउने ३७ विधार्थी मध्ये ४ जना, ३.२१ - ३.६० जिपिए ल्याउने १२६विधार्थी मध्ये १३ जना मात्र सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

६६ प्रति विद्यार्थी लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

बजेट विवरण	बजेट रकम	खर्च रकम	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
संघीय सरकारबाट हस्तान्तरित	१४६६१४०००	१३७०१९०००	३६६६	३७.३७५
प्रदेश सरकारबाट हस्तान्तरित	४९४०००	४९४०००	३६६६	०.१३४
स्थानीय तहको बजेट	१६७०००००	११६०३०००	३६६६	३.१६५
जम्मा	१६३८०८०००	१४९११६०००	३६६६	४०.६७४

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. ४०६७४।— रहेको छ।

६७ संस्थागत विद्यालयको छात्रवृत्ति

पालिकाले तयार पारेको शैक्षिक सत्र २०७९ को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन् ।

क.सं.	विद्यालय	विद्यालय संख्या	विधार्थी संख्या	छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या
१	संस्थागत	२३	३६६५	५२४

अतः संस्थागत विद्यालयले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरे नगरेको सुनिश्चित हुने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

६८ शिक्षक विद्यार्थी अनुपात

संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।०८० शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

सि न	विद्यालयको नाम	सञ्चालित कक्षा	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री सूर्यज्योती आ वि	१-३	२	१५	७.५
२	श्री रातोमाटो आ वि	१-३	२	१८	९.
३	श्री पोखरीचौर आ वि	१-५	२	३९	१९.५
४	श्री बालज्योती आ वि	१-८	८	१२१	१५.१२

५	श्री नवीनग्राम मा वि	१-१०	१४	१३९	९.९२
६	श्री चापावोट मा वि	१-१२	१८	१८२	१०.१
७	श्री महेन्द्र रा आ वि	१-५	४	५२	१३.
८	श्री शारदा मा वि	१-१०	१४	१८३	१३.
९	श्री देवी आ वि	१-५	३	४९	१६.३
१०	श्री शिलादेवी आ वि	१-८	६	१२९	२१.५
११	श्री कालिकाशरण मा वि	१-१२	१९	३९६	२०.८
१२	श्री भुवनेश्वर मा वि	१-५	४	५३	१३.२
१३	श्री जागृती आ वि	१-५	२	३१	१५.५
१४	श्री बैरमहादेव आ वि	१-८	५	१००	२०.
१५	श्री क्षितिज जनजागृती आ वि	१-३	२	४७	२३.५
१६	श्री महेन्द्रबाल आ वि	१-८	७	८५	१२.१
१७	श्री भगवती मा वि	१-१२	१८	६६६	३७.
१८	श्री भाग्योदय मा वि	१-१२	२३	५४४	२३.६
१९	श्री सांखु आ वि	१-५	३	५९	१९.६
२०	श्री मणीच्यूड आ वि	१-३	२	४४	२२.
२१	श्री वनदेवी आ वि	१-८	७	१६०	२२.८
२२	श्री उग्रतारा मा वि	१-१०	१३	२२२	१७.
२३	श्री राष्ट्रिय मा वि	१-१२	२०	३३२	११.६
औषत/ न पा (शिक्षण सहयोग अनुदान समेत)			२००	३६६६	१८.३

उपरोक्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात १८.३३/१ रहेको छ ।

६९ दरबन्दी र पदपूर्ती

आर्थिक वर्ष २०७९।०८० मा पालिका भित्रका सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

तह र कक्षा	दरवन्दी	स्थायी पदपूर्ति	राहत / करार	रिक्त	कैफियत
प्राथमिक १-५	१०७	९४	१३		२० जना समायोजन र ४ जना खुद पुल समायोजन हुन वांकी
निम्न माध्यमिक ६-८	३८	२३	१४	१	
माध्यमिक ९-१०	३५	२५	१०		
उच्च माध्यमिक ११-१२	१०	०	१०		
जम्मा	१९०	१४२	४७	१	

उक्त विवरण अनुसार पालिकामा जम्मा १९० दरबन्दी रहेकोमा १४२ जना स्थायी पदपूर्ती र ४७ जना राहत/करारमा नियुक्त गरी जम्मा १८९ पदपूर्ती गरेको देखिन्छ भने लेखापरीक्षणको समय सम्म पनि १ पद रिक्त रहेका छन । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७० सामाजिक सुरक्षा

आर्थिक वर्ष २०७९।८० मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ ।

क स	पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार)	लाभग्राही संख्या	लाभग्राही प्रतिशत	सामाजिक सुरक्षा रकम रु
	२९३१८	३०८०	११	११९१६४९०५

७१ अनुदान व्यवस्थापन

पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

क स	अनुदानको क्षेत्र	कार्यक्रम संख्या	अनुदान रकम
१	कृषि तर्फ	१५	८१७००००
२	पशु तर्फ	१५	३८०७०००
			११९७७०००

उपरोक्त विवरण अनुसार ११९७७००० वितरण गरेको छ ।

७२ स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था

पालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

स्वास्थ्य संस्थाको किसिम	स्वास्थ्य संस्थाको संख्या	दरबन्दी	पदपूर्ती	सेवाग्राहीको संख्या
अस्पताल वडा न ९	१	६ स्थायी	जम्मा ११ जना करार सहित	५३६६
स्वास्थ्य केन्द्र/ चौकी वडा न १–८ सम्म	८	३० स्थायी	जम्मा ३७ जना करार सहित	४४५३३
स्वास्थ्य शाखानगरपालिका	१	३ स्थायी	जम्मा ३ जना	-

उक्त विवरण अनुसार पालिकामा जम्मा अस्पताल स्वास्थ्य केन्द्र/चौकीमा कुल ३९ जना दरबन्दी रहेकोमा हाल ३९ पद स्थायी र १२ पद करार मार्फत पुर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।माथी उल्लेखीत कर्मचारीहरुको संख्यामा कार्यालय सहयोगी समावेश गरिएको छैन ।

७३ दोहोरो वैठक भत्ता

.... *(प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा बेरुजु रकम असुल भई दाखिला भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रकम रु ३०६०० सम्परीक्षण गरिएको ।)*

७४ निष्कृय खाताः

सामाजिक सुरक्षा वितरण नियमावली २०७७ मा प्रत्येक आर्थिक वर्षमा लाभ ग्राहीको विवरण अद्यावधिक गर्ने र तिनै लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ साथै बैकिङ प्रणालीमा बर्ष भरीमा एक पटक पनि बैकिङ कारोबार नगरी निष्कृय रहेका खाताहरु निम्नानुसारका बैंक रहेको देखिएकोले त्यस सम्बन्धमा पालिकाको पञ्जिकरण शाखाले मुत्यु भएको लगत कट्टा भएको वा दोहोरो परेको के कारण ले निष्कृय रहेको हो सो विषयमा एकिन गरी उक्त खाताहरुमा रहेको रकम एकिन गरी संघिय सचित कोषमा दाखिला गर्नु पर्ने रु १९९३४५३

बैक	निष्कृय लाभग्राही संख्या	रकम
कुमारी बैक लिमिटेड	२१ जना	३३१०८८
हिमालयन बैक	१ जना	१२९०
प्रभु बैक लि	६६ जना	१६६१०८१
जम्मा		१९९३४५९

असुल गर्नुपर्ने	१९,९३,४५३

७५ बढी दरमा बैठक भत्ता

.... (प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा केही थपघट गर्न आवशयक भएकोले सम्परीक्षण गरी थप व्यहोरा कायम गर्ने गरी मिति २०८१।१।२० को निर्णयबाट रकम रु ८०७५० सम्परीक्षण गरिएको ।)

७६ बढी भुक्तानीः

.... (प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा बेरुजु रकम असुल भई दाखिला भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।४ को निर्णयबाट रकम रु १४८७५ सम्परीक्षण गरिएको ।)

७७ सामाजिक सुरक्षा रकम

आर्थिक वर्ष २०७९।२०८० मा शंकरापूर नगरपालिकाका ९ वटा वडाका ३००३ जना लाभग्राहीलाई बिभिन्न ५ वटा बैकं मार्फत चार वटा त्रैमिसिकमा रु ११९१८१५७२। निकासा भएको र रिर्भस फिड अनुसार रु ११७५६८७५६। लाभग्राहिको खातामा जम्मा गरेको देखिन्छ । लाभग्राहिको खातामा जम्मा गर्न बाँकि रकम रु १६१२८१६। संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१६,१२,८१६

७८ असुलः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा खर्च लेख्दा खर्चलाई पुष्टाई गर्ने कागजात तथा प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतको लामाविसौना सडक स्तरोन्नती कार्यको ल्यावको विल भुक्तानी रु २५००० भएकोमा विल रकम रु २०९०५ मात्र संलग्न देखिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

	असुल गर्नुपर्ने	४,०९५

७९ गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रमः

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष ३ वटा सिपमूलक तालिम सञ्चालन गरी रकम रु५९१८७१ खर्च गरेको देखिएको छ तर उत्पादित सामान वा वस्तुहरु विक्रि गरी राजस्व दाखिला गर्ने तथा विक्रि नभएका सामान तथा वस्तु स्टोर दाखिला गर्ने गरेको नदेखिएकोले पालिकाको यस तर्फ ध्यान जानु जरुरी देखिन्छ ।

८० वैठकमा वढी आमन्त्रित -

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धि मापदण्ड, २०७७ को बुँदा नं ६ को ७ मा कानुन बमोजिम गठन भएको समिति वा संचालक समितिको वैठकमा विषय विज्ञ बाहेक आमन्त्रित सदस्य रुपमा सहभागि हुनेले वैठक भत्ता नपाउने तथा अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७, वैठकमा आमन्त्रित सदस्य संख्या ३ जना भन्दा वढी राख्न नमिल्ने व्यहोरा उल्लेख छ ।लेखापरिक्षणको क्रममा नमुना छनोट गर्दा गो भौ नं ७।२०७९।४।१९ ढुंगा वालुवा गिट्टी उत्खनन संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन अध्ययन लागि पेश गरेको कार्यसुचिको विषयमा छलफल गर्न विभिन्न मितिमा वसेको प्राविधिक समितिको वैठक भत्ता भुक्तानीमा समितिका सदस्य वाहेक आमन्त्रितको संख्या अत्याधिक राखि १९ जनाको ७६५००। भुक्तानी गरेको देखिन्छ ।तसर्थ तोकीएको निर्देशिका तथा मापदण्डको पालना गरी खर्च भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

८१ अस्वाभाविक बैठक भत्ता

गो भौ नं ५३।२०७९।५।३० पालिका अन्तर्गगतका सहायक स्तर पांचौ तह देखि अधिकृत नवौ तह सम्मका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङकन गरेवापत ११ वटा बैठक बसि १४ जना सम्म कर्मचारीलाई कर वाहेक रु ११४७५०। रकम भुक्तानी गरेको देखिएको छ । यसरी समिति भन्दा बाहिरका सदस्य तथा आवश्यकता भन्दा बढी बैठकको भत्ता भुक्तानी कार्य मितव्ययी नदेखिएकोले आवश्यकताको मूल्याङकन गरी र समितिका सदस्यलाई मात्र भत्ता भुक्तानी गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

८२ **ठेक्का बिमा**

सार्वजनिक खरिद नियमावलीको नियम २०६४ को नियम ११२ मा निर्माण व्यवसायिले निर्माण कार्य मालसामान र कामदारको कार्यप्रारम्भ मितिदेखि त्रुटि सच्याउने म्यादसम्मको लागि विमा गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकामा सञ्चालित पुछलाछी कठनचोक इन्द्रायणी सडक (सम्झौता रकम रु.१२८८१०८४।००) तथा काफलचौर खानेपानि आयोजना(सम्झौता रकम रु. २६८८२९२)को विमा गरेको नदेखिएकोले कामको सिलसिलामा तथा त्रुटी सच्चाउने अवधि सम्ममा निर्माणमा देखिने त्रुटीहरुको जोखिम बहन नहुने अवस्था हुनाले वीमा गराएर मात्र कार्य गराउनु उपयुक्त हुन्छ ।

प्रमाण पेश नगरेको	२६,८८,२९२

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०७७ को ७.१.१५ को ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/ प्रशिक्षकको पारिश्रमिक सम्बन्धि व्यवस्था रहेको छ। सम्बन्धित कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको रकम पाउने व्यवस्था रहेकोमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) र शिक्षा सम्बन्धि कार्यक्रममा बढी दरमा प्रशिक्षक भत्ता प्रदान गरिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

<table>
<tr><th>क स</th><th>गो भौ नं</th><th>नाम थर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१४</td><td>पर्सुराम चौलागाँइ</td><td>५१००</td></tr>
<tr><td>२</td><td>१४</td><td>सन्तोष आचार्य</td><td>१६०२५</td></tr>
<tr><td>३</td><td>१४</td><td>गोविन्द प्रसाद आचार्य</td><td>२३८०</td></tr>
</table>
</td><td>२३५०५.००</td></tr>
<tr><td>४</td><td>पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत) विभिन्न ९ वटा कार्यका लागि ९ वटा परामर्शदातासंग रु.५५९७६५०।०० मा सम्झौता गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

<table>
<tr><th>क स</th><th>कामको विवरण</th><th>परार्मशदाताको नाम</th><th>लागत अनुमान रु.</th><th>सम्झौता रकम रु.</th><th>घटी प्रतिशत</th><th>खरिद विधि</th></tr>
<tr><td>१</td><td>सलम्बु पार्क बहुउद्देश्यीय भवन</td><td>Lattice Designers and Developers pvt. ltd, Bhaktapur</td><td>५०००००</td><td>४९७७६५</td><td>०.४४७</td><td>कोटेसन</td></tr>
<tr><td>२</td><td>विशंभरा सुनटोल स्वास्थ्य चौकी</td><td>Resunga Training and Multipurpose Pvt Ltd.</td><td>५०००००</td><td>४९४९४०</td><td>१.०१२</td><td>कोटेसन</td></tr>
<tr><td>३</td><td>कुसुमथली जेष्ठ नागरिक पार्क , खेलमैदान पोखरी</td><td>Advanced Creative Group Engineering Pvt. Ltd.</td><td>५०००००</td><td>४७३४४०</td><td>५.३१२</td><td>कोटेसन</td></tr>
<tr><td>४</td><td>भाग्योदय मा.बि. भवन निर्माण</td><td>Lumbini Engineers and Resource Consultant Pvt Ltd</td><td>५०००००</td><td>४७२०४०</td><td>५.५९२</td><td>कोटेसन</td></tr>
<tr><td>५</td><td>कुसुम प्राकृतिक पार्क</td><td>Radient Engineering And</td><td>५०००००</td><td>४७२९००</td><td>५.४२</td><td>कोटेसन</td></tr>
</table>
</td><td>०.००</td></tr>
</table>

क्र.सं.	बेरुजुको विवरण	रकम

		Constructions Services Pvt				
६	नाङ्ले पटाप सि.पा.सडक र लाकुरीबोट कुन्डेश्वर गिरानचौर स.	Bright Engineering and Construction pvt Ltd.	१२०००००	११९४७३६	७.१०५३३	कोटेसन
७	दिगो विकास लक्ष्यको आन्तरिकिकरण र स्थानियकरण	Samika Research and Training Center Pvt. Ltd.	५०००००	४७०२०२	५.९५९६	कोटेसन
८	बुद्द पार्क (शान्ति पार्क) बुद्द मुर्ति निर्माण	Durdarshi Engineering Consultancy Pvt Ltd.	१२०००००	११३३५६५	५.५३६२५	कोटेसन
९	कार्यसन्चालन निर्देशिका (SOP)	Samika Research and Training Center Pvt. Ltd.	५०००००	४६८०६०	६.३८८	कोटेसन
	जम्मा		५९०००००	५५९७६५०	५.१३	

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष भवन पार्क लगायतका कार्यमा परामर्शदाता विधिबाट ९ वटा सेवा खरिदका लागि जम्मा रु.५९००००० को लागत अनुमान तयार गरी भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा ५ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै तयार भएका केही प्रतिवेदनहरुको पालना भए तापनि सबैको पूर्ण उपयोग भएको पाइएन। प्रयोजनका आधारमा अत्यावश्यक अवस्थामा मात्र खर्च गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

५	स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७७ मा पदाधिकारीहरुले कार्यक्रम अनुगमन गरे वापत भत्ता पाउने व्यवस्था नभएको देखिन्छ ।कर्मचारीको हकमा भ्रमण खर्च नियमावलि २०६४ को नियम ७ उपनियम ८ मा काठमाण्डौ उपत्यका वा कुनै प्रशासकिय जिल्लाको सदरमुकाम क्षेत्रबाट १५ किलोमिटर क्षेत्र भित्रमा भत्ता नपाउने व्यवस्था रहेको छ ।पालिकाले पालिका स्तरमा नै सञ्चालन भएका सेमिनार गोष्ठी तथा तालिमको अनुगमन वापत पालिकाले पदाधिकारी तथा कर्मचारीलाई अनुगमन	१३३८७५.००

क्र.सं.	बेरुजुको विवरण	रकम
	भत्ता भुक्तानी गरेको देखिएको छ ।यसरी संघिय कानुन विपरित भुक्तानी गरेको कारणले गर्दा पालिकालाई थप व्ययभार परेकोले यस्तो कार्य मितव्ययी देखिएन । केहि उदाहरण	
७	बागमति प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ को पहिलो संशोधनको अनुसुचि १(क)मा जनप्रतिनिधिले प्रतिवैठक रु १००० का दरले बैठक भत्ता पाउने उल्लेख छ ।पालिकाले जनप्रतिनिधिहरुको संयोजकत्वमा बसेको निम्न समितिहरुको वैठक भत्ता भुक्तानीमा ऐनले तोकेको भन्दा वढी रु १५०० को दरमा भुक्तानी गरेको देखियो। साथै समितीका सदस्य वाहेकका आमन्त्रितको संख्या पनि तोकिए भन्दा वढी राखि भुक्तानी गरेको देखिन्छ । पालिकाले ऐनमा तोकिएको भन्दा वढी भुक्तानी गरी थप व्ययभार परेको देखिएकाले अनियमित देखिएको रु	८०७५०.००

(क्र.सं. ६ को उदाहरण)

गो भौ नं र मिति	कार्यक्रम	अनुगमनकर्ता संख्या	रकम कर बाहेक
८५।०७९।७।४	विपत व्यवस्थापनसँग सम्वन्धित योजना अनुगमन तथा निरीक्षण	८ जना	५१०००
८५।०७९।७।४	मासु पसल बधशाला तथा भेटरिनरी औषधि पसल निरीक्षण तथा अनुगमन	१४ जना	२६०९५
८५।०७९।७।४	पशुपन्छि विकास कार्यक्रम संचालन समन्वय समिति बैठक फिल्ड भेरीफिकेसन व्यवसायिक पशु फार्म अनुगमन	११ जना	२७०३०
८६।०७९।७।६	वालिनालि निरीक्षण तथा संचालित कार्यक्रम अनुगमन	८ जना	२९७५०

(क्र.सं. ७ को तालिका)

भौ नं र मिति	कार्यक्रम	भुक्तानी संख्या	भुक्तानि हुनु पर्ने	भुक्तानी भएको	वढी भुक्तानी कर बाहेक
८६।०७९।७।६	जेष्ठ नागरिक सम्बन्धि कार्यक्रम	१४ जना	११९००	१७८५०	५९५०
८६।०७९।७।६	पदाधिकारी वैठक भत्ता	८ जना	२३८००	३५७००	११९००

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>१२६।०७९।८।१५</td><td>कृषि तर्फको विभिन्न कार्यक्रम</td><td>१४ जना</td><td>४३३५०</td><td>६५०२५</td><td>२१६७५</td></tr>
<tr><td>२५४।०७९।१२।१६</td><td>आर्थिक विकास समिति लगायत अन्य समिति</td><td>२१ जना</td><td>८२४५०</td><td>१२३६७५</td><td>४१२२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td>बिमाः सार्वजनिक खरिद नियमावलीको नियम २०६४ को नियम ११२ मा रु २० लाख भन्दा माथिको निर्माण कार्यमा निर्माण, मालसामान र कामदारको कार्यप्रारम्भ मितिदेखि त्रुटि सच्याउने म्यादसम्मको लागि विमा गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकामा सञ्चालित रु २० लाख भन्दा माथिका योजनामा बिमा गरेको नपाइएकोले आगामि दिनमा योजनाहरुको सञ्चालन गर्दा कामको सिलसिलामा तथा त्रुटी सच्चाउने अवधि सम्ममा निर्माणमा देखिने त्रुटीहरुको जोखिम बहन हुने गरी वीमा गराएर मात्र कार्य गराउनु पर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।</td><td>०.००</td></tr>
</table>

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: शङ्खरापुर नगरपालिका , शंखरापुर नगरपालिका , काठमाडौं

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	वासुदेव खनाल	२०७९-६-३	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	रमेश गौतम	२०७८-९-२२	२०७९-६-२
लेखा प्रमुख	गोविन्द प्रसाद अधिकारी	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१७,४३३,३६२	५७४,६२५	१८,१९९,९२५	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३६,२०७,९१२
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१४,७८२,६६७
संपरीक्षणबाट थप भएको बेरुजू रु.					२३८,१३०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					२१,६६३,३७५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३३६५१३२४४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३५१३५८७८८	**चालु खर्च**	३८५८२७६२२
प्रदेश सरकारबाट अनुदान	५७८०२८०६	**पूँजीगत खर्च**	४२८०४८२००
राजश्व बाँडफाँट	२३८६९०२५०	**वित्तीय/अन्य व्यवस्था**	१४१२१४१२९
आन्तरिक आय	७७८४४३०४		

अन्य आय	१७८४२७२५०		
कुल आय	९०४१२३३९८	**कुल खर्च**	९५५०८९९५१
बाँकी मौज्दात		२८५५४६६९१	